# सिरीजङ्घा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तेल्लोक, ताप्लेजुङ
१ नम्बर प्रदेश, नेपाल ।


पत्र संख्या : २०७६।०७७
चलानी नम्बर : ७८८

मिति : २०७६।१०।१७

**विषय : प्राविधिक सुपरभिजन गरी पाक्षिक (१५ दिने) प्रतिवेदन पेश गर्ने ।**

श्री योगेन्द्र पौडेल, सब इञ्जिनियर,
श्री अनिष्मा खड्का, सब इञ्जिनियर,
श्री नितेश भट्टराई, असिष्टेण्ट सब इञ्जिनियर,
श्री केशर प्रसाँई, सब इञ्जिनियर,
श्री रञ्वित लवाँ, सब इञ्जिनियर,
श्री चन्द्र कुमार माबो, असिष्टेण्ट सब इञ्जिनियर
सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङ ।

चालु आर्थिक वर्ष २०७६/०७७ मा यस गाउँपालिकाबाट सञ्चालित पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाको स्वीकृत स्पेसिफिकेसन, डिजाइन, लागत अनुमान बमोजिम गुणस्तर कायम गरी आयोजना समयमै सम्पन्न गर्ने व्यवस्था मिलाउन तपाँईलाई वडागतरुपमा देहाय बमोजिम खटाइएको छ । तपाँईको प्रत्यक्ष उपस्थितिमा मात्र वडाभित्रका आयोजनाहरुको संरचनात्मक कार्य सम्वन्धित निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुले सम्पन्न गर्नेछन् र आवश्यकतानुसार प्राविधिक सुपरभिजनको फोटो तथा भिडियो समेत निरन्तर लिनु हुनेछ । आयोजना कार्यान्वयनमा गुणस्तर कायम गर्न कुनै प्राविधिक द्विविधा वा वाधा अड्चन आइपरेमा गाउँपालिकाका इञ्जिनियर मार्फत प्रमुख प्रशासकीय अधिकृत एवम् गाउँपालिकाका अध्यक्ष ज्यू समक्ष प्रतिवेदन पेश गर्नु होला । आफू खटिएको वडाभित्र सञ्चालित निर्माणाधीन आयोजनाहरुको पाक्षिक (१५ दिने) प्रगती प्रतिवेदन यस गाउँपालिकाको प्राविधिक शाखामा निरन्तर उपलब्ध गराउनु होला ।

गुणस्तर कायम गर्न लापरवाही गरेको पाइएमा प्रचलित कानून बमोजिमको कारवाही प्रकृया अघि बढाइने व्यहोरा समेत यसै पत्रद्वारा जानकारी गराउँदछु ।

**प्राविधिक सुपरभिजनका लागि वडागतरुपमा खटाइएका प्राविधिकहरु**

| सि.नं. | प्राविधिकको नाम, थर र दर्जा | सुपरभिजनका लागि खटाइएको वडा | कैफियत |
|---|---|---|---|
| १. | श्री योगेन्द्र पौडेल, सब इञ्जिनियर | वडा नं. ५ र वडा नं. ६ | |
| २. | श्री अनिष्मा खड्का, सब इञ्जिनियर | वडा नं. ४ | |
| ३. | श्री नितेश भट्टराई, असिष्टेण्ट सब इञ्जिनियर | वडा नं. २ | |
| ४. | श्री केशर प्रसाँई, सब इञ्जिनियर | वडा नं. १ | |
| ५. | श्री रञ्वित लवाँ, सब इञ्जिनियर | वडा नं. ३ | |
| ६. | श्री चन्द्र कुमार माबो, असिष्टेण्ट सब इञ्जिनियर | वडा नं. ८ र वडा नं. ७ | |

१०।१६

(सन्तोष घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ तथा कार्यार्थ :**

श्री अध्यक्ष ज्यू /उपाध्यक्ष ज्यू, सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ : जानकारीका लागि ।

श्री सबै वडाका वडाध्यक्ष ज्यू, सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ : **आफ्नो वडामा खटिएका प्राविधिकहरुलाई तोकिएको कार्यसम्पादन गर्न आवश्यक समन्वय तथा सहजीकरण गरिदिनु हुन ।**

प्राविधिक शाखा प्रमुख इञ्जिनियर श्री आनन्द चौधरी, सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङ : **सबै आयोजनाको स्वीकृत स्पेसिफिकेसन, डिजाइन तथा लागत अनुमान वडा वडामा खटिएका प्राविधिकहरुलाई वडागतरुपमा उपलब्ध गराउनु हुन र फिल्डमा खटिएका प्राविधिकको निरन्तर अनुगमन समेत गरी प्रतिवेदन गर्नु हुन ।**

श्री योजना/ प्रशासन तथा लेखा शाखा, सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङ : जानकारीका लागि ।

श्री सिरीजङ्घा गाउँपालिकामा कियाशील सबै निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरु : **प्राविधिकको राय, सल्लाह एवम् सुझाव बमोजिम मात्र आफूले सम्पन्न गर्नुपर्ने आयोजना समयमै सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुन ।**